# स्थानीय राजपत्र

## मालिकार्जुन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः६ | संख्याः९ | मितिः २०७९।०५।०२

**भाग–२**

**मालिकार्जुन गाउँपालिका**

| | |
|---|---|
| **गाउँकार्यपालिकाबाट स्वीकृत मिति** | २०७९।०४।३१ |

**मालिकार्जुन गाउँपालिकाको विपन्न असहाय र टुहुरा बालबालिकाहरुका लागि आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०७९**

**प्रस्तावनाः**

यस गाउँपालिकाभित्रका विपन्न असहाय र टुहुरा बालबालिकाहरुका लागि जीवन निर्वाह गर्नका लागि आर्थिक सहायता वितरण गर्न वाञ्छनीय भएकाले मालिकार्जुन गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित

गर्ने ऐन, २०७४ को दफा ३ (१) बमोजिम मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाले यो मापदण्ड जारी गरी लागू गरेको छ ।

## परिच्छेद एक – परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो मापदण्डको नाम "मालिकार्जुन गाउँपालिकाको विपन्न असहाय र टुहुरा बालबालिकाहरुका लागि आर्थिक सहायता वितरण सम्बन्धी मापदण्ड, २०७९" रहेको छ ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) "अध्यक्ष" भन्नाले मालिकार्जुन गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख) "उपाध्यक्ष" भन्नाले मालिकार्जुन गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मालिकार्जुन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

घ) "समिति" भन्नाले मालिकार्जुन गाउँपालिकाका विपन्न असहाय र टुहुरा बालबालिकाहरुका लागि आर्थिक सहायता प्रदान गर्ने कार्य सम्बन्धी अधिकार प्राप्त यस मापदण्डको दफा ४ बमोजिमको समिति सम्झनु पर्दछ ।

ङ) "विपन्न" भन्नाले मालिकार्जुन गाउँपालिका अन्तर्गतका नागरिक जसको दैनिकी सञ्चालन गर्न (बिहान बेलुका खान लाउन समेत समस्या रहेको, निरन्तर श्रमिक काम गर्नुपर्ने र एक दिन मात्र काममा जान नसके वा बिरामी परे विहान बेलुका खान लाउनै समस्या पर्ने) समस्या रहेको भनि सम्बन्धित वडा कार्यालयबाट प्रमाणित भएको परिवार सम्झनु पर्नेछ ।

च) "असहाय" भन्नाले मालिकार्जुन गाउँपालिका अन्तर्गतका नागरिक जसको सहारा कोही नभएको र स्वयं आफू काम गरेर दैनिकी सञ्चालन गर्न नसक्ने अवस्थामा रहेको भनि वडा कार्यालयबाट प्रमाणित भएका ६० वर्ष माथिका एकल नागरिकहरु सम्झनु पर्दछ ।

छ) "टुहुरा" भन्नाले मालिकार्जुन गाउँपालिका अन्तर्गतका टुहुरा बालबालिका जसका अभिभावक (आमा बुवा वा हजुरवुवा हजुरआमा) कोही नभएका कारणले दैनिकी सञ्चालन गर्न तथा शिक्षा आर्जन गर्न नै समस्या परेका बालबालिका भनि वडा कार्यालयबाट प्रमाणित भएका बालबालिका सम्झनु पर्नेछ । साथै सो शब्दले शहिद परिवारका बालबालिकालाई समेत् बुझाउनेछ ।

३. यो मापदण्डको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यस मापदण्डमा भएका कुनै कुरामा द्विविधा उत्पन्न भएमा त्यसको अन्तिम व्याख्या गर्ने अधिकार मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको हुनेछ ।

## परिच्छेद दुई – आर्थिक सहायता समिति

४. मालिकार्जुन गाउँपालिकामा विपन्न असहाय र टुहुरा बालबालिकाहरुका लागि जीवन निर्वाह खर्च आर्थिक सहयोगका रुपमा सहयोग गर्नका लागि गठित तपसिल बमोजिमको एक आर्थिक सहायता समिति हुनेछ ।

**तपसिलः**

| | | |
|---|---|---|
| अध्यक्ष | - | संयोजक |
| उपाध्यक्ष | - | सदस्य |
| सामाजिक विकास समिति संयोजक | - | सदस्य |
| प्रशासन शाखा प्रमुख | - | सदस्य-सचिव |

५. समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) वडा कार्यालयहरु मार्फत सिफारिस भई आएका वा यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा नियमानुसार दर्ता भएका विपन्न, असहाय र टुहुरा बालबालिकाहरुलाई जीवन निर्वाह खर्च बेहोर्नका लागि आवश्यक छलफल र निर्णय गर्ने ।

ख) दीर्घ वा कडा रोग लागेका निरन्तर औषधी सेवन गर्नुपर्ने यस गाउँपालिकाभित्रका नागरिकहरुलाई उपचारका लागि टाढाँ जानु परेमा यातायात खर्च वाफतको रकम उपलब्ध गराउनु आवश्यक देखिएको अवस्थमा सो सम्बन्धी निर्णय गर्ने ।

ग) आर्थिक सहायता वितरणका सन्दर्भमा आवश्यक ठानिएका विषयमा कार्यविधि, मापदण्ड वा अन्य आवश्यक कानूनहरुको मस्यौदा निर्माण गरी कार्यपालिकामा पेस गर्ने ।

घ) समितिको निर्णयानुसार आर्थिक सहायता उपलब्ध गराउनुपर्ने राहत उपलब्ध गराउनका लागि मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई लेखि पठाउने ।

ङ) आर्थिक सहायता सम्बन्धी अन्य सम्पूर्ण निर्णयहरु गर्ने ।

च) कार्यपालिकाले तोकेका अन्य विषयहरुको कार्यान्वियन गर्ने/गराउने ।

६. माथि जुनसुकै कुरा भनिएको भएतापनि नगद उपलब्ध गराउने राहतमा अधिकतम दश हजारको सीमा हुनेछ । सो भन्दा बढी राहत नगद उपलब्ध गराउन सकिने छैन ।

७. उक्त नगद राहत पाउनका/वितरण गर्नका लागि देहायको मापदण्ड अनिवार्य रुपमा पुगेको हुनुपर्नेछ ।

क) लाभग्राही मालिकार्जुन गाउँपालिकाभित्र बसोबास गर्ने विपन्न वर्गको नागरिक भएको भनि सम्बन्धित वडा कार्यालयका अध्यक्षबाट प्रमाणित भएको हुनुपर्ने ।

ख) लाभग्राही टुहुरा भएको भनि सम्बन्धित वडा कार्यालयका अध्यक्षबाट प्रमाणित भएको हुनुपर्ने ।

ग) लाभग्राहीको सहारा कोही नभएको भनि सम्बन्धित वडा कार्यालयका अध्यक्षबाट प्रमाणित भएको हुनुपर्ने र स्वयं जीवन निर्वाह गर्नका लागि अशक्त भएको भनि सम्बन्धित विषयक्षेत्रका चिकित्सकबाट प्रमाणित भएको हुनुपर्ने ।

घ) लाभग्राही नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका, अन्य सरकारी वा गैरसरकारी तथा अन्य कुनै पनि प्रकारको संस्थाबाट पारिश्रमिक पाउने, जीवन निर्वाह भत्ता पाउने, सामाजिक सुरक्षा भत्ता पाउने वा अन्य कुनै लाभ पाउने नागरिक नभएको भनि सम्बन्धित वडा अध्यक्ष वा गाउँपालिका अध्यक्ष/उपाध्यक्षबाट प्रमाणित भएको हुनुपर्ने ।

ङ) लाभग्राहीले यी माथि उल्लेखित सबै बेहोरा ठिक साँचो भएको स्वयं घोषणा समेत पेस गर्नुपर्नेछ ।

८. यो मापदण्डमा तोकिएका विषयहरुमा जालझेल गरी वा गुमराहमा राखी लाभ प्राप्त गरेको/गराएको प्रमाणित भएमा प्रचलित कानून बमोजिम कानूनी कारवाहीको भागेदार हुनेछ ।

९. कुनै पनि हालतमा दोहोरो सुविधा, एकै व्यक्तिलाई एक भन्दा बढी पटक सुविधा वा एकै घरका एक भन्दा बढी व्यक्तिलाई लाभ उपलब्ध गराउन सकिने छैन ।

१०. यो मापदण्डमा संसोधन गर्न उपयुक्त लागेको विषयमा समितिको सिफारिसमा मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाले आवश्यक संसोधन वा खारेज गर्न सक्नेछ ।

आज्ञाले

सुरज प्रसाद जोशी

प्रमुख प्रशासकीय अधिकृत